नेपाल सरकार

गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

# केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६

मोबाईल नं.: ९८५१२८३१४०

फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७

महाराजगञ्ज, काठमाडौं ।


मिति: २०७८/१२/१५गते ।

## प्रेस विज्ञप्ती- ८४

## "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

स्याङ्जा जिल्ला,आधींखोला गाउँपालिका वडा नं.४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.२६ सामाखुसी बस्ने बर्ष ५२ का काजी गुरुङले एभरेष्ट बैंक लिमिटेड गोंगबु, काठमाडौंमा रहेको निजको नामको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनबाट मिति २०७८।११।०१ मा प्रतिवादी काजी गुरुङलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा रू.४०,००,०००/- (चालिस लाख रुपैंया) जरिवाना र ६(छ) दिन कैद हुने ठहर भएकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७८/१२/१४ गते सामाखुसी, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | काजी गुरुङ |
| **उमेर:** | ५२ बर्ष |
| **ठेगाना:** | हाल जिल्ला काठमाडौं,का.म.न.पा .वडा नं.२६ सामाखुसी |
| **मुद्दा:** | बैंकिङ् कसूर |
| **जरिवाना:** | रू.४०,००,०००/- जरिवाना र ६ दिन कैद |
| **फैसला मिती:** | २०७८/११/०१ |
| **पक्राउ मिती:** | २०७८/१२/१४ |
| **पक्राउ स्थान:** | सामाखुसी, काठमाडौं । |



**उप-निर्देशक**

(श्याम कुमार महतो)

प्रहरी उपरीक्षक

प्रवक्ता एवं सूचना अधिकारी

**सम्पर्क नम्बर:** ९८५१२९१३११

मिति २०७८/१२/१५ गते